# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७७

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा, नेपाल

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७७

**प्रस्तावनाः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा प्रदेश सरकारले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर तथा परिमार्जन गर्न सक्ने व्यवस्था भए बमोजिम गण्डकी प्रदेश सरकारका मन्त्रालय, अन्तर्गत कार्यालय र प्रदेश सरकार मातहतका सबै सरकारी निकायको सङ्गठन संरचना, दरबन्दीको थपघट, हेरफेर वा पुनर्संरचना गर्दा कार्यक्रम, कार्यबोझ र कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा वस्तुपरक बनाउन स्पष्ट प्रक्रिया निर्धारण गर्न आवश्यक भएकोले,

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) को प्रयोजनका लागि गण्डकी प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "निकाय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, आयोग, सचिवालय, निकाय, समिति, कार्यालय र मातहतका कार्यालय सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई समेत जनाउँछ।

(ग) "मापदण्ड तथा सूचक" भन्नाले सम्बन्धित कार्यालयले आफ्नो सङ्गठनका लागि उपयुक्त ठहराएको सूत्रमा आधारित विश्लेषण गर्ने तरिका सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा १२ बमोजिम गठित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ।

(ङ) "सर्वेक्षण" भन्नाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) प्रदेश सरकारको मन्त्रालयबाट हुने सर्वेक्षण सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्ने,

(ख) सर्वेक्षण कार्यमा स्पष्ट मार्ग दर्शन गर्ने,

(ग) सर्वेक्षण सम्बन्धी कार्यमा एकरुपता कायम गर्ने, र

(घ) सर्वेक्षण सम्बन्धी कार्यमा सम्बद्ध निकायहरूको दायित्व र भूमिका स्पष्ट गर्ने।

४. <u>सर्वेक्षण गर्नु पूर्व ध्यान दिनु पर्ने विषयः</u> सर्वेक्षण गर्नु पूर्व देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) सङ्गठनको कार्य सरलीकरण र छरितो व्यवस्थापन सम्बन्धी विषय,

(ख) प्रदेश सरकारको सांगठनिक संरचनालाई उपयुक्त आकारमा ल्याउने विषय,

(ग) सङ्गठनलाई समसामयिक रुपमा सुदृढ, सक्षम, चुस्त दुरुस्त बनाउनका लागि आवश्यक पर्ने नीति, रणनीति, योजना र व्यवस्थापन सम्बन्धी विषय,

(घ) सेवाग्राहीलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको प्रभावकारिता अभिवृद्धि गर्ने विषय,

(ङ) सङ्गठनलाई प्रभावकारी, कार्यमूलक, तथा उपलब्धिमूलक बनाउन आवश्यक पर्ने संरचनागत पक्षसँग सम्बन्धित विषय,

(च) कर्मचारी उत्प्रेरणा र मनोबलको अभिवृद्धिसँगै सङ्गठनको उत्पादन र उत्पादकत्व बढाउन आवश्यक पर्ने योजना वा रणनीतिसँग सम्बन्धित विषय,

(छ) सङ्गठनलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने स्रोतसाधनहरूको खोजी, प्राप्ति र प्रभावकारी परिचालन सम्बन्धी विषय, र

(ज) सङ्गठनको योजना, कार्यक्रम, कर्मचारी व्यवस्था, समन्वय, बजेट, नियन्त्रण, निर्देशन, सुपरिवेक्षण संगठनात्मक संचार एवं सूचना प्रविधि सम्बन्धी विविध विषय।

५. <u>सर्वेक्षण नगरी सङ्गठन स्थापना वा पुनर्संरचना नगरिनेः</u> (१) यस निर्देशिका बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगराई सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर तथा परिमार्जन गरिने छैन।

(२) मन्त्रालयले आफ्नो वा आफ्नो मातहतका सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर तथा परिमार्जन गर्न आवश्यक भएमा सो को लागि सर्वेक्षण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सहमति प्राप्त भएपछि मन्त्रालयले दफा १२ बमोजिम समिति गठन गरी सर्वेक्षणको कार्य अगाडि बढाउन सक्नेछ।

६. <u>सर्वेक्षण स्वरुपः</u> सर्वेक्षणको स्वरुप संक्षिप्त र विस्तृत गरी दुई प्रकारको हुनेछः-

(१) संक्षिप्त सर्वेक्षणः

(क) मौजुदा सङ्गठनमा महाशाखा, शाखा वा एकाइ थपघट नगरी केवल १ वा २ दरबन्दी थपघट गर्नु परेमा, सङ्गठन र संरचना यथावत राखी दरबन्दी कटौती

गर्नु परेमा वा सङ्गठनको कार्यप्रणाली र व्यवस्थापनमा आंशिक सुधार गर्नु परेमा संक्षिप्त सर्वेक्षण गर्नु पर्नेछ।

(ख) सङ्गठनको कार्य क्षमता, कार्य प्रभावकारिता र कार्यशैलीमा सुधार गर्ने उद्देश्यले संक्षिप्त रूपमा सर्वेक्षण गर्दा कुनै दरबन्दी, शाखा वा एकाइ थप नगरी नहुने अवस्थामा कार्यबोझ कम भएका सम्बन्धित निकायको तालुक वा मातहत निकायको दरबन्दी, शाखा वा एकाइ कटौती वा आन्तरिक रूपमा समायोजन गर्न सकिने भए त्यसतर्फ समेत ध्यान दिई सिफारिस गर्नु पर्नेछ।

(ग) संक्षिप्त सर्वेक्षण गर्दा दफा १२ बमोजिम गठित समितिले मौजुदा सङ्गठन तथा दरबन्दी संरचना, कार्य प्रणाली, कार्यबोझ एवं कार्य विवरणको विश्लेषण गरी मौजुदा सङ्गठन संरचना, दरबन्दी तथा व्यवस्थापन तथा कार्य प्रणालीमा गर्नु पर्ने तर सङ्गठनमा व्यापक हेरफेर नहुने र अधिक आर्थिक दायित्व बहन गर्नु नपर्ने अवस्थालाई सुनिश्चित गरी कार्य प्रणाली, व्यवस्थापकीय शैली, दरबन्दी तथा सङ्गठन संरचनामा सुधार गर्नु पर्ने कारण र औचित्य स्पष्ट रूपमा खोली सुझावहरू सिफारिस गर्नु पर्नेछ।

(२) विस्तृत सर्वेक्षणः

प्रदेश मातहत नयाँ सरकारी निकायको स्थापना, मौजुदा सङ्गठनको संरचना, दरबन्दी तथा व्यवस्थापनमा हेरफेर, थपघट, समायोजन तथा सुधार गर्नुपर्ने अवस्थामा विस्तृत सर्वेक्षण गर्नु पर्नेछ।

७. <u>सर्वेक्षणका आधारहरू:</u> संक्षिप्त वा विस्तृत सर्वेक्षण गर्दा देहाय बमोजिमका आधारहरू लिनु पर्नेछः-

(क) सङ्गठनको कार्यक्रम,

(ख) सङ्गठनको कार्यबोझ,

(ग) सङ्गठनको कार्यप्रकृति,

(घ) सङ्गठनको वित्तीय अवस्था,

(ङ) सङ्गठनको जनशक्ति।

८. <u>कार्यक्रमको विश्लेषण:</u> सङ्गठनसँग सम्बन्धित वा सङ्गठनले गर्नु पर्ने भनी वा सङ्गठनको जिम्मेवारीभित्र राखी संविधान, कानून, प्रदेश सरकारको नीति, कार्यक्रम, बजेट, आवधिक योजना तथा यस्ता कुनै आधिकारिक दस्तावेजमा उल्लेख भए बमोजिम नयाँ सङ्गठनको आवश्यकता वा मौजुदा सङ्गठनको कार्यक्रममा वृद्धि हुन गएमा सो को अवस्था विश्लेषण गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने

सांगठनिक ढाँचा तथा आवश्यक पर्ने जनशक्ति तय गर्नु पर्नेछ। कार्यक्रमहरू घटेको सन्दर्भमा सोही अनुपातमा सांगठनिक ढाँचा तथा दरबन्दी घटाउनेतर्फ विश्लेषण गर्नु पर्नेछ।

९. <u>कार्यबोझ विश्लेषण:</u> सङ्गठनको कार्यबोझको आधारमा दरबन्दी तय गर्नु पर्ने हुन्छ। यसका लागि कार्यबोझ विश्लेषण गर्नु पर्छ। कार्यबोझ विश्लेषणका लागि निश्चित मापदण्ड तथा सूचक बनाउनु पर्छ। एकजना कर्मचारीले कति काम गर्न सक्छ, त्यसको निश्चित मापदण्ड बनाउनका लागि विगतमा भएको कामको संख्या निकाली त्यसको औसत हिसाब गर्नुपर्छ। त्यस्तो सूचक अथवा मापदण्ड तय भइसकेपछि त्यस हिसाबले वास्तविक रूपमा कति कर्मचारी आवश्यक पर्ने हो, यकिन हुन आउछ। कार्यबोझ विश्लेषण गर्दा प्रश्नावली, तथ्याङ्क सङ्कलन तथा विश्लेषण र अवलोकन जस्ता औजारहरूको प्रयोग गर्न सकिनेछ।

१०. <u>कार्य प्रकृतिको विश्लेषण:</u> कार्यबोझको हिसाबले मात्र दरबन्दी संख्या यकिन गर्दा यसले वास्तविकतालाई राम्ररी सम्बोधन गर्न नसक्ने हुन सक्छ, तसर्थ दरबन्दी संख्या लाई कार्य प्रकृतिको आधारमा समेत विश्लेषण गर्नुपर्छ। कति भौगोलिक क्षेत्रमा सेवा दिनु पर्ने हो, कति प्रकारको काम गर्नु पर्ने हो, कस्तो प्रकृतिको काम गर्नु पर्ने हो आदि विषयगत आधारहरू केलाई कार्यबोझ विश्लेषण गर्दा निश्चित गरिएको मापदण्डबाट निर्धारण गरिएको दरबन्दी संख्या पर्याप्त, अपर्याप्त के हुन्छ भनी थप विवेचना गर्नुपर्छ। कार्यप्रकृति विश्लेषण गर्दा प्रदेश सरकार तथा सांगठनिक कार्यक्रम, कार्यबोझ विश्लेषण, दरबन्दी थप गर्नु पर्नाको औचित्य तथा उपलब्ध हुन सक्ने मानव श्रोत समेतको विवेचना गर्नु पर्छ। दरबन्दी थप गर्दा त्यसको प्रष्ट औचित्य पुष्टि भएको हुनु पर्नेछ।

११. <u>वित्तीय श्रोतको विश्लेषण:</u> सर्वेक्षण गरिने नयाँ सङ्गठन स्थापना गर्दा वा मौजुदा सङ्गठन, दरबन्दी तथा व्यवस्थापनमा परिवर्तन गर्दा गत वर्षहरूमा भएको प्रशासनिक र चालु खर्चका आधारमा प्रस्तावित सङ्गठनको लागि नयाँ थप हुने जनशक्तिको खर्च, कार्यालय भवन वा भाडा खर्च, सवारी साधन, उपकरण, फर्निसिङ्ग लगायतका प्रशासनिक र चालु खर्चमा एकै पटक वा सालबसाली खर्चको विश्लेषण गर्नु पर्दछ। साथै, प्रस्तावित सङ्गठनले कर वा गैरकर राजस्वमा गर्ने योगदानको समेत विश्लेषण गर्नु पर्दछ। जसले गर्दा सङ्गठनको औचित्य वित्तीय पुष्टि हुन सक्छ।

१२. <u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन:</u> (१) सम्बन्धित मन्त्रालयले नयाँ सङ्गठन स्थापना वा मौजुदा सङ्गठनमा परिवर्तनका लागि सर्वेक्षण गर्न आवश्यक देखेमा देहाय बमोजिमको सर्वेक्षण समिति गठन गर्नु पर्नेछ:-

(क) सम्बन्धित मन्त्रालयको सचिव - संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प्रतिनिधि - सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रतिनिधि - सदस्य

(घ) संयोजकले तोकेको महाशाखा/शाखा प्रमुख - सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विषय विज्ञ वा सरोकारवालालाई समेत सदस्यको रुपमा राख्न वा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) मन्त्रालय बाहेकका अन्य निकायको हकमा सम्बन्धित निकायको सचिव वा कार्यकारी प्रमुख संयोजक हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले यस निर्देशिका बमोजिम सर्वेक्षण गरी प्रतिवेदन तयार गर्न सक्नेछ।

१३. <u>प्रतिवेदनको ढाँचा:</u> (१) समितिले आवश्यकता अनुसार संक्षिप्त वा विस्तृत सर्वेक्षण गरी कार्यक्रम, कार्यबोझ तथा कार्य प्रकृतिको विश्लेषण गरेर सांगठनिक ढाँचा तथा दरबन्दी प्रस्ताव गरी सम्बन्धित मन्त्रालय वा निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) प्रदेश सरकार अन्तर्गतका सङ्गठन संरचनामा सिर्जना हुने पदको सेवा, समूह तथा उपसमूह निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम हुनु पर्नेछ।

(३) प्रदेश सरकार अन्तर्गतका सङ्गठन संरचनामा सिर्जना हुने पदको पदनाम कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा लेखिएको समायोजन हुने तह वा राष्ट्रिय किताबखानामा दर्ता भएका पदनामसँग मिल्ने हुनु पर्नेछ।

(४) सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

१४. <u>सङ्गठन र दरबन्दी स्वीकृति:</u> (१) दफा १३ बमोजिमको प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले प्रस्तावित सांगठनिक ढाँचा र दरबन्दीको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई स्वीकृतिको लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु पर्नेछ।

(२) प्रदेश सरकार, मन्त्रिपरिषद्ले औचित्यताका आधारमा सो सङ्गठन र दरबन्दी स्वीकृत गर्नेछ।

१५. <u>स्वीकृत सङ्गठन र पद राष्ट्रिय किताबखानामा दर्ता गर्नुपर्ने</u>: (१) दफा १४ बमोजिमको प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सङ्गठन र पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ।

(२) मन्त्रालयले सङ्गठन र पद दर्ताको लागि राष्ट्रिय किताबखानामा पठाउँदा देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको प्रतिलिपि।

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति पत्रको प्रतिलिपि।

(ग) सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने सम्बन्धी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि।

(घ) स्वीकृत सङ्गठन संरचना तथा दरबन्दी तेरिजको अनुसूची एक/एक प्रति।

(ङ) राष्ट्रिय किताबखानाले तोकेको ढाँचामा भरी प्रमाणित गरिएको पद दर्ता फाराम चार प्रति।

(च) सम्बन्धित मन्त्रालय/निकायबाट सङ्गठन तथा पद दर्ता गर्नका लागि राष्ट्रिय किताबखानालाई अनुरोध गरिएको पत्र।

(छ) सङ्गठन संरचना तथा पद दर्ताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्र।

(ज) सङ्गठन संरचना तथा पद दर्ताका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस पत्र।

(झ) सो सम्बन्धित अन्य कागजात भए सो को प्रतिलिपि।

१६. <u>मार्गदर्शनको रूपमा रहने</u>: यो निर्देशिका प्रदेश कोषबाट तलबभत्ता वा सुविधा पाउने सबै सङ्गठनका लागि मार्गदर्शनको रूपमा रहनेछ।

## अनुसूची-१

(दफा १३ उपदफा (४) सँग सम्बन्धित)

### सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा

भाग –१

#### परिचय

१. अध्ययनको पृष्ठभूमिः
२. समितिको गठनः
३. अध्ययनको उद्देश्यः
४. अध्ययनको विधि र सीमाः

भाग-२

#### मौजुदा सङ्गठन र दरबन्दी

१. मौजुदा सङ्गठनको कार्यक्षेत्रः
२. मौजुदा साङ्गठनिक ढाँचाः
३. मौजुदा दरबन्दीको अवस्थाः
४. मौजुदा सङ्गठन संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरूः

भाग-३

#### विश्लेषण र औचित्य

१. कार्यक्रमको विश्लेषणः
२. कार्यबोझको विश्लेषणः
३. कार्य प्रकृतिको विश्लेषण
४. उपलब्ध मानव स्रोतको आँकलनः
५. सङ्गठनको वित्तीय अवस्थाको विश्लेषणः
६. परिवर्तनको औचित्यः

भाग-४

#### प्रस्तावित सङ्गठन, दरबन्दी र सिफारिस

१. प्रस्तावित सङ्गठन ढाँचाको व्याख्याः
२. प्रस्तावित दरबन्दी विवरणको व्याख्याः

३. अन्य सुझाव तथा सिफारिसः

४. अनुसूचीहरु

(क) मौजुदा तथा प्रस्तावित सांगठनिक ढाँचा

(ख) मौजुदा तथा प्रस्तावित दरवन्दी तेरिजको विवरण

(ग) प्रस्तावित सगठन, महाशाखा, शाखा तथा पदहरुको कार्यविवरण

सचिव